# मुड्केचुला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नर्कु,डोल्पा

कर्णाली प्रदेश

**आ.व. २०७९।०८०**

खण्ड:२०७९ संख्या: मिति:२०७९।०३।१०

प्रमाणिकरण मिति :२०७९।०३।१०

**मुड्केचुला गाउँपालिकाको आर्थिक ऐन,विनियोजन ऐन र बार्षिक निति तथा कार्यक्रम,२०७९**

# बार्षिक निति तथा कार्यक्रम २०७९

**११ औ गाउँसभाका सभाध्यक्ष ज्यु**
**गाउँसभाका सदस्यहरु ज्यु**
**उपस्थित सम्पुर्ण महानुभावहरु ।**

**"शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी, पूर्वाधार र सञ्चार**
**मुड्केचुला गाउँपालिकाको दिगो बिकासको मुल आधार"**

१. मुड्केचुला गाउँपालिकाको सम्मानित सभा समक्ष आगामी आर्थिक वर्ष २०७९|०८० को बजेट प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । राजनीतिक परिवर्तनका लागि अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक सम्मान गर्दै श्रद्धान्जली व्यक्ति गर्दछु । राष्ट्रियता , स्वाधिनता, लोकतन्त्र, सामाजिक न्याय र समृद्धिको मार्गचित्र कोर्न संघर्ष गर्ने महान नेपाली नागरिक र सबल नेतृत्व गर्नुहुने शिखर व्यक्ति प्रति हार्दिक सम्मान व्यक्त गर्दछु । बिश्व महामारीका रुपमा फैलिदै गएको कोराना भाईरस कोभिड १९ को रोकथाम न्यूनीकरण कार्यमा खटिने स्वास्थ्यकर्मीहरु,जनप्रतिनिधिहरु,राष्ट्रसेबक कर्मचारीहरु सुरक्षाकर्मी, राजनीतिक दल,बुद्धिजीवी,पत्रकारमित्र हरुमा हार्दिक सम्मान ब्यक्त गर्दछु|

२. लामो समयको नेपाली जनताको संघर्षबाट जनताको चाहना अनुरुप संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना भएको छ । लोकतान्त्रिक व्यवस्था र प्रणालीको बलियो जग राख्न हाम्रो भूमिका महत्वपूर्ण रहेको छ । समृद्ध नेपालः सुखी नेपाली हाम्रो राष्टिय अभियानलाई सार्थकता दिंदै मुड्केचुला दीगो विकासको मुल आधाार : सुशासन समृद्धि र प्रयाप्त पूर्वाधार हाम्रो अभियानलाई सार्थक बनाउन हामी निरन्तर प्रयत्नरत छौं यस अभियानमा सम्पूर्ण महानुभावहरुको रचनात्मक र सकारात्मक सहयोगको अपेक्षा गर्दछु ।

३. हामी निर्वाचित भएर जनताको सुखःदुखमा हातेमालो गर्दै विकासको लहरमा समाहित भएको धेरै भएपनि निर्वाचित भई तपाईहरुलाई सेवा गर्ने मौका भर्खरै पाएका छौं । मुड्केचुलाको समृद्धिको अभियानमा महत्वपूर्ण भुमिका निर्वाह गर्नु हुने सम्पुर्ण गाउँसभाका सदस्य, आम नागरिक, बुद्धिजिवी, उद्यमी, व्यवसायी, राष्ट्रसेवक प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । मुड्केचुलाको सर्वाङ्गीण विकासका लागि गाउँपालिकालाई अग्रगामी पथमा लैजान प्रदर्शकको भुमिका निर्वाह गर्नुहुने सम्पुर्ण आदरणीय अग्रजहरुको योगदानको उच्च सम्मान व्यक्त गर्दछु ।

४. मुड्केचुलाका जनताको अपार तथा उत्साहपुर्ण सहभागीताको परिणामले नै हामी उत्साहित भएका छौं । यो सरकार मुड्केचुलावासीको आशा र भरोसाको केन्द्रविन्दु हो । हामी मुड्केचुलाका जनताले पाउने सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो, भरपर्दो र गुणस्तरीय बनाउन हरपल प्रयत्नरत छौं । हाम्रो कामले नागरिकको मुहार उज्यालो पार्ने लक्ष्य रहेको छ । मुड्केचुलाका नागरिकको सर्वोत्तम हित र अग्रगामी प्रगतिका लागि यो सरकार प्रतिवद्ध रहेको व्यहोरा दृढ विश्वास दिलाउन चाहन्छु ।

५. आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, संघीय सरकार को आ.व.२०७९|०८० को नीति तथा कार्यक्रम, कर्णाली प्रदेश सरकारको आ.व. २०७९|०८० को नीति तथा कार्यक्रम, संघिय सरकार,प्रदेश सरकार,संघिय मामिला तथा सामान्य प्रशासन मंत्र्यालय र विभिन्न बिषयगत मंत्र्यालयद्वारा कोभिड १९ महामारी रोकथाम तथा न्यूनीकरण कार्यका लागि अबलम्बन गरिएका मार्गदर्सन,स्थानीय सरकार सञ्चालन ऐन, आर्थिक ऐन, विनियोजन विधेयक, आर्थिक विधेयक, कार्यपालिका सदस्य र गाउँसभाका सदस्यहरु, विभिन्न राजनैतिक दलका पदाधिकारीहरु, पेशा व्यावसायी, संघ संस्था, बुद्धिजिवि, विषयगत कार्यालयबाट प्राप्त सुझावहरु लाई यथासम्भव मार्गदर्शनको रुपमा लिएको छु

६. अध्यक्ष महोदय, अब म मुड्केचुला गाउँपालिकाको आ.ब. २०७९।०८० को वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्थाको संक्षिप्त संक्षिप्त समिक्षा सम्मानीत सभा समक्ष पेश गर्न चाहन्छु ।

७. बिश्व महामारीका रुपमा फैलिदै गएको कोराना भाईरस कोभिड १९ को प्रभाबका कारण चालु आ.को बजेट कार्यन्वयनमा जटिलता उत्पन्न भई हामी ठुलो चुनौती भएतापनि अधिकांस शीर्षक र क्षेत्रमा बिनियोजन भएका योजनाहरुको सक्षम नेतृत्वका सचेत नागरिक, कुशल कर्मचारी कारण हाामीले गत आ.ब. .२०७८।०७९ का अधिकांश योजनाहरु कुशलतापुर्वक सम्पन्न गरेका छौ ।

गाउँपालिकाले अधिकांश आधारभूत भौतिक पूर्वाधारहरु निर्माण गरीसकेको भएता पनि तिनीहरुको दिगो र गुणस्तरीय व्यवस्थापन गर्नुपर्ने,विद्यालय, स्वास्थ्य जस्ता सामाजिक क्षेत्रमा गुणस्तरीय सेवा प्रदान गर्नुपर्ने र स्थानीयस्तरमै रोजगारीका अवसरहरु श्रृजना गरी गरिवी र बेरोजगारी न्यूनीकरण गर्नुपर्नेसन्दर्भमा आज फेरि यसगरिमामय गाउँसभाको बैठकमा मुड्केचुला गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई धेरै खुशी लागेको छ।

**यस अवधिमा महत्त्वपूर्ण उपलब्धिहरू**

१. यस मुड्केचुला गाउँपालिकाका प्रत्येक वडाका आफ्नै वडा कार्यालय भवनहरु निर्माण भै सकेका छन् । गाउँपालिकाका सम्पूर्ण वडाका विभिन्न क्षेत्रहरुलाई कृषि तथा पशुपालन पकेट क्षेत्र घोषणा गरी कृषि क्षेत्रलाई घेराबार गर्ने कार्य निकट भबिष्य मै गरिनेछ साथै कृषि पकेट क्षेत्रमा स्याउ तथा ओखरक खेती गरि कृषकहरुलाई आत्म निर्भर बनाउन कृषी बिषेश कार्यक्रम ल्याई कार्यन्वयनमा ल्याईनेछ ।

२. यस गाउँपालिकाका प्रत्येक वडाहरुमा आधारभुत स्वास्य सेवा केन्द्र भवनहरु निर्माण भै बिगत बर्षेदेखि नै संचालनमा ल्याई समुदाय स्तरमा मै स्वास्थ्य सेवा उपलब्ध गराइएको छ भने यस आर्थिक बर्षदेखि गाउँपालिको केन्द्र टुङगो लगाई गाउँपालिकाको आफ्नै प्रशासनिक भवन निर्माण कार्यलाई उच्च प्रथामिकता दिई कार्यन्वयनमा ल्याईने छ ।

३. यस गाउँपालिकाको आफ्नै श्रोतबाट स्काईभेटर मेसिन खरिद गरि वडा नं ७ ८ र ९ लाई जोड्ने सडक बाटोको निर्माण कार्य तिब्ररुपम अगाडि बढी रहेको छ भने निकट भबिष्यमा नै बक्ट सर्मी होर्तगाउँ हुदै पुन बक्ट गाउँसम्म रिङरोडको निर्माण तथा बिस्तार गरिनेछ ।

४. विद्यालयको भौतिक पूर्वाधार सुधारमा उल्लेखनीय प्रगति हाँसिल भएको छ । समय सापेक्ष प्रत्येक बिधालयमा कम्प्युटर तथा सोलारको ब्यबस्थापन गरि गुण स्तर शिक्षामा जोड दिइएको छ ।

५. स्वास्थ्य क्षेत्रमा स्वस्थ्यकेन्द्र भवनहरु निर्माण गरिएको छ । स्वास्थ्य संस्थाहरुमा कुनै पनि औषधीको कमी नहुने गरी पर्याप्त मात्रामा आवश्यकता अनुसारको औषधी वितरण गरिएको छ । विभिन्न स्वास्थ्य संस्थाहरुलाई सोलार सेट उपलब्ध गराइएको छ साथै सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा विभिन्न औजार तथा उपकरण उपलब्ध गराई आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरिएको छ ।

६. गाउँपालिका एक्लैको प्रयासले मात्र समुन्नत र समृद्ध मुड्केचुला बन्न सक्दैन, समुदायको सकृयताले मुड्केचुला गाउँपालिकालाई उत्कृष्ट गाउँपालिका बनाउन सकिन्छ भन्ने उद्देश्यले समुदाय सुधार र विकास गर्न टोल समिति गठन गरि सक्रियता पूर्वक परिचालन गरिनेछ । टोल टोलमा आमा समूह गठन भएका छन्, स्वच्छ प्रतिस्पर्धा र क्षेत्रगत विकासकालागि उद्योग वाणिज्य संघ, खेलकुद विकास संघ, सांस्कृतिक महासंघ, युवा क्लव, बाल क्लव, महिला सहकारी गठन भएका छन् । जसले गर्दा सामाजिक विकृति विसंगती न्यूनीकरण भएको छ । युवा तथा बालबालिका विभिन्न सामाजिक कृयाकलापमा सक्रिया भएका छन्, महिलाहरु संगठित रुपमा आवाज उठाउन थालेका छन् । कृषि सहकारी, जडिबुटी सहकारी तथा साना उद्यमीहरु शृजना गरिएको छ । लघु घरेलु तथा साना उद्योग विकास समिति

डोल्पा संग समवन्य गरी उद्योगीहरुकालागि सिलाइकटाइ, आल्लो प्रशोधन, सिकर्मी तथा डकर्मी लगायत विभिन्न किसिम सिप बिकास तालिमहरु संचालनमा ल्याइनेछ।

अव हामी हाम्रो सरकारले परिकल्पना गरे अनुरुप सामाजिक न्याय, सुशासनर सम्वृद्धिसहित सुखी मुड्केचुलाबासी बनाउने लक्ष्यमा पुग्न पूर्वाधार विकासले मात्र नपुग्ने भएकोले दिगो आर्थिक तथा सामाजिक विकासका गतिविधि तर्फ केन्द्रित हुनुपर्ने चरणमा प्रवेश गरेका छौं। सामाजिक न्याय सहितको सम्वृद्धि हासिल गर्न हाम्रो कार्यक्रम अशिक्षा, गरिवी, बेरोजगारी र पछौटेपन विरुद्ध केन्द्रित हुन जरुरी छ। मैले नीति तथा कार्यक्रम तयार गर्दा यिनै मान्यताहरुबाट निर्देशित भएर तयार गरेको छु।

मैले यस आर्थिक वर्षको नीति तथाकार्यक्रम तयारगरि रहँदा स्वच्छ, हराभरा, विकसित, समतामूलक, समृद्ध मुड्केचुलाको भावी तस्विरलाई सामुन्नेमा राखेको छु। उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गरी विकासको प्रतिफल सबै मुड्केचुलावासीले समतामूलक तवरले प्राप्त गर्ने गरी साधन, स्रोत र अवसरको न्यायोचित वितरण गर्ने, दिगो विकासका लागि पूर्वाधार निर्माण गर्ने र आम गाउँवासीको अपनत्व र स्वामित्व हुनेगरी विकास आयोजनाहरूको कार्यान्वयन गर्ने दिशामा यो नीति तथा कार्यक्रम केन्द्रित गरेको छु र सोही मार्गदर्शनबाट प्रेरित भई बजेट प्रस्तुत हुनेछ।

**आर्थिक विकास**

***"घर घर मा रोजगार, समृद्ध मुड्केचुलाको आधार:"***

आर्थिक विकासकालागि जनताको आर्थिक क्षमता बढाउन आम्दानी र बचत बढाउन आवश्यक हुन्छ। आर्थिक विकासकालागि जनताको आर्थिक क्षमता बढाउन गत आ.व. देखि छालाजुत्ता सिलाई बुनाई , ग्रिल उधेग स्थापना पुराना कपडाहरु प्रसोधन गरि सिरक डसना बनाउने हाब्रे सिरक उधोग लगाएत अल्लो प्रसोधन गरि कोटका कपडाहरु उत्पादन गर्ने उधोगहरु संचालनमा ल्याइएको छ। यस आ ब मा पनि प्रगतिका आधारमा उक्त कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

**कृषि तथा पशु विकास**

यस गाउँपालिका भित्र रहेका कृषि समूहका कृषकहरुलाई स्याउ र ओखरको बिरुवा रोप्ने खाडल खन्न, कम्पोष्ट मल खरिद गर्न, बेर्ना रोप्न र घेराबार गर्न कृषी शाखाबाट अनुदान उपलब्ध गराइने छ। सो को अनुगमनको लागि प्रभावकारी अनुगमन संयन्त्र निर्माण गरिनेछ। क्षेत्रगत रुपमा हस्तान्तरण भई आएका कृषि तथा पशु विकास कार्यक्रमलाई निरन्तरता दिईने छ। कृषि तथा पशुपालनलाई आधुनिककरण र ब्यवसायीकरण बनाउदै गाउँपालिकालाई तरकारी, मासु, दुध र अण्डा उत्पादनमा आत्मनिर्भर बनाईने छ। कृषि उपज भण्डारणका लागि शित भण्डार केन्द्र निर्माण गर्न पहल गरिनेछ।

### उद्योग

लघु, घरेलु तथा साना उद्योगको विकास र विस्तार गरिनेछ। जडिबुटि प्रसोधन उद्योग, डेरी उद्योग, र अल्लो उद्योगलाई प्रोत्साहन गरिनेछ। परम्परागत सीपमूलक उद्योगहरुलाई संरक्षण गरिने छ।सरकारी, निजी तथा सहकारीको माध्यमद्वारा स्रोत परिचालन गरी गरिवी न्यूनीकरणका लागि रोजगार सृजना गरिनेछ। स्थानीय श्रम, सीप र पूँजीलाई अधिकतम परिचालन गरी स्थानीय अर्थतन्त्रको प्रमुख स्तम्भको रुपमा स्थापित गरिनेछ।

### पर्यटन

सुपाकुना गुफालाई पर्यटकीय गन्तव्य स्थलको रुपमा विकासित गरिने छ। ऐतिहासिक महत्वको स्थानहरुको संरक्षण तथा प्रवर्धन गरिने छ। बिश्व मै दुर्लभ मानिएको रेड पाण्डा हाब्रेको बास स्थान लगाएत चरण क्षेत्रको उचित संरक्षण तथा सम्बर्दनका कार्यहरु मार्फत प्रसस्त मात्रमा रेड पाण्डाको बृदी बिकास गरि यस्तो दुर्लभ वन्यजन्तु हेर्न आउने आन्तरिक तथा बाह्य पर्यटकहरुलाई यस गाउँपालिकामा भित्र्याउने कार्यक्रमहरु यथाशक्य गरिनेछ साथै यस गाउँपालिकमा रहेको मुड्केचुला तिर्थस्थलको प्रचार प्रसार गरि आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन तिर्थस्थलसम्म आवत जावतगर्ने बाटोको स्तर उन्नती गर्न संघिय तथा प्रदेश सरकार मार्फत बजेट माग गरि कार्यन्वयनमा ल्याईनेछ।

### व्यापार

मुड्केचुला गाउँपालिका भित्र कानुनी रुपमा दर्ता भई चालु आ.व.मा गाउँपालिमा दर्ता भएका उत्कृष्ट व्यवसायीहरुलाई प्रोत्साहन गरिनेछ।

## पूर्वाधार विकास

### भवन निर्माण

गत आ ब मा यस गाउँपालिकाका सबै वडाका आफ्नै भवनहरु निर्माण भै सकेका छन् भने यस आ.व.मा गाउँपालिकाको आफ्नै प्रशासनिक भवनको निर्माण कार्यलाई उच्च प्रथामिकतामा राखी निर्माण कार्यालाई यथाशिघ्ररुपमा अगाडि बढाईनेछ।

### उर्जा

यस गाउँपालिमा रहेको छहरेखोला लघु जलविद्युत आयोजनाको स्तरोन्नतीको कार्यलाई अगाडि बढाईनेछ। यसको लागि यस आ ब मा रु ४ लाख रुपैया बजेट बिनियोजन गरेको छु। यस गाउँपालिकाको वडा नं ४ ईलमा रहेको फेदिखोला लघु जलविद्युत छिट्टै गाउँपालिकाको माताहतमा ल्याई उक्त लघु जलबिधुतको पनि मर्मत सम्भार कोष निर्माण गरि गाउँपालिकाका सम्पूर्ण घरधुरीमा जलविद्युतको नियमित आपूर्तीको सुनिश्चितता गरिनेछ भने मुड्केचुला गाउँपालिकाको वडा नं १,२ ३ ७ ८ र ९ मा बैकल्पिक उर्जो श्रोत प्रतिघर १०० बाटको सोलार बिरतण कार्य सम्पन्न भएको छ। यस

गाउँपालिकाको वडा नं ७ सर्मीमा रहेको नुनेगाड लघु जलबिधुत आयोजनाको निर्माण कार्य तिब्ररुपमा अगाडि बढीरहेको छ। यसलाई यस आ ब भित्रै सम्पन्न गरि सर्मी ओक्ट र होर्तगाउँमा बिधुतीकरण गरिनेछ भने वडा नं १ २ र ३ कालिकामा पनि कासिलखोला लघु जलबिधुत आयोजनाको जिर्णोद्वार गरि बिधुतीकरण गर्न यस आ ब मा आबश्यक बजेटको ब्यबस्थापन गरेको छु।

**सूचना प्रविधि, संचार तथा तथ्यांक व्यवस्थापनः**

नागरिकलाई सूचना प्रदान गर्न र गाउँपालिकाका गतिविधिहरुको प्रसारण गर्न एफ एम रेडियो मा गाउँबासीको पहुँच सुनिश्चित गरिएकोमा हामीलाई गर्व छ। यसैगरि यस गाउँपालिका अन्तर्गत बिभिन्न वेभ पोर्टल (Web Portal) जस्तै ग्रुप एस.एम.एस,आई. एम.आई.एस, एच.एम.आई.एस, ई.एम.आई.एस,सुत्र,पाम्स,सिग्यास ईत्यादी संचालनमा आई सकेको र आगामी आ ब मा आबश्यक पर्ने सफ्टवेयरहरु समेत संचालनमा ल्याईनेछ। कालिकाको पातीहाल्न डाँडाँ र बक्टको मुरीकोट डाडामा रहेको एटिसि टावरको मार्फत संचालनमा आएको फोर जि सेवालाई निकट भबिष्य मै स्तर उन्नती गरि सबैको पहुचमा सहजता ल्याईनेछ। यस गाउँपालिका अन्तर्गत संचालन भएको रिडयो मुड्केचुला एफ एम को प्रसारण लाईनमा स्तर उन्नती गरि गाउपालिका लगाएत छिमेकी गाँपालिकामा समेत सुन्न सक्ने ब्यबस्था गरिनेछ। गाउँपालिकाको वेवसाईटलाई पूर्ण रुपमा अद्यावधिक गरी गाउँबासीले गुनासो गर्न सक्ने र गाउँपालिकाका गतिविधीहरूका बारेमा घरमै बसी जानकार हुने ब्यवस्था समेत गरिने छ। यस गाउँपालिकाका जनप्रतिनिधीहरु र कर्मचारीहरुको बृदी बिकासको लागि सुचना प्रबिधि सम्बन्धि तालिम संचालन गर्न आबश्यक बजेटको ब्यबस्था गरेको छु।

**सामाजिक विकास**

**शिक्षा**

सामुदायिक विद्यालयको शैक्षिक सुधारकालागि शिक्षक तथा विद्यार्थी विद्यालय समयभित्र रहने वातावरण सृजना गर्नको लागि अनुगमन र निरीक्षण प्रणालीलाई प्राथमिकतामा राखिनेछ। विद्यार्थीलाई आधुनिक तथा प्राविधीक शिक्षा दिई विकासलाई विज्ञान सँग जोड्ने कार्यक्रम लागू गरिनेछ। यस पालिका भित्र संचालनमा रहेका पूर्ब बाल बिकास केन्द्रका सहजकर्ताहरुलाई मासिक ५ हजार, प्राबि तहका कार्यालय सहयोगिलाई मासिक रु १ हजार पाँच सय निमाबि तहका बिधालयका कार्यालय सहयोगिहरलाई मासिक रु २ हजार र माबि तहका कार्यालय सहयोगिहरुलाई मासिक २ हजार ५ सय रुपैया तलब बृदी गरिएको छ। त्यसैगरि यस पालिका भित्र रहेका राहत दरबन्दीका प्रबि तहका शिक्षकहरुलाई मासिक १ हजार निमाबि तहका शिक्षकहरुलाई मासिक १ हजार पाँच सय र माबि तहका शक्षकलाई २ हजार रुपैया थप गर्ने ब्यबस्था गरिएको छ। मुड्केचुला गाउँपालिका भित्रका अभिभावकविहीन, गरिब तथा विपन्न वर्गका बालबालिकाहरुलाई शैक्षिक सामाग्रीको व्यवस्था गरिने छ। बिधालय बाहिर रहेका बालबालिकाहरुको पहिचान गरि बिधालय क्षेत्रसम्म ल्याउन घरदैलो कार्यक्रम संचालन संचालन गरिने छ। मुड्केचुला गाउँपालिका भित्र रहेका बिधालयमा अध्ययनरत दलित छात्र छँत्राहरुको लागि पठनपठानमा पूर्णरुपमा सहयोग गर्न यस आ ब मा रु १० लाख रुपैया र यस गाउँपालिका भित्र रहेका बिधालयहरुको लागि स्थानीय पाठ्यक्रम निर्माण गर्न रु ६ लाख रुपैया बजेट बिनियोन गरेको छु।

## आधारभूत स्वास्थ्य तथा सरसफाई

मुड्केचुला गाउँपालिकाको स्वास्थ्य नै धन हो भन्ने जानकारी सम्पूर्ण जनस्तरमा प्रदान पुर्याईनेछ । खाद्य पदार्थहरूको सचेतनालाई तल्लो तह सम्म फैलाइनेछ । । धुम्रपान मुक्त परिवारको अभियान संचालन गरी सार्वजनिक स्थलहरूमा धुम्रपान निषेध गर्ने अभियानलाई कडाईका साथ लागूगरिनेछ । नागरिकलाइ स्वस्थ बनाउन मुड्केचुला गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवं गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवामा समान पहुँचस्थापित गर्दै सवैको स्वस्थ जीवन प्रत्याभूत गरि दिगो विकास सुनिश्चित गर्नुपर्ने कानुनी दायित्वलाइ पुरा गर्ने नीति लिइएकोछ भने यस गाउँपालिका भित्र रहेका गर्भवती महिलाहरुलाई घर मै गै दुई मिहनामा एक पटक स्वास्थ्य जाँच गर्ने ब्यबस्था मिलाईनेछ भने गर्भवती तथा सुत्केरी महिलाहरुलाई पोषययुक्त खानेकुरा खानको लागि यस आ ब मा रु ५ लाख रुपैया बजेट बिनियोन गरेको छु । यस गाउँपालिकाको वड न ३ मा रहेको कालिका फेमिली अस्पतालले दिदै आएको सेवा प्रबाहलाई सम्मान गर्दै उक्त अस्पतालको स्तर उन्नतीकोलागि आबश्यक बजेट बिनियोजन गरिनेछ ।

## लैगिक समानता तथा सामाजिक समावेशीकरण:

महिला, बालबालिका, आदिवासी, जनजाती, दलीत, अपांग, जेष्ठनागरिक, युवा तथा अन्य लक्षित वर्गहरुलाई लक्षित कार्यक्रम मार्फत सशक्तिकरण गरिने छ । समुदायमा लैगिंक हिंसा मुक्त, छुवाछुत मुक्त, जातीय भेदभाव मुक्त, जुवातास मुक्त, लागूऔषध लगायत दूव्र्यसन मुक्त, अन्धविश्वास तथा कूप्रथा मुक्त बनाउन समुदायलाई नै अग्रसर गाराइने छ । बालमैत्री स्थानीय शासन पद्धति अबलम्बनगरी बालमैत्री गाउँपालिकाको रुपमा घोषणा गर्न सबै विकास साझेदार र सरोकारवालाहरूसँग समन्वय र सहकार्य गरिने छ । सबै बालबालिकालाई पूर्ण खोप सुनिश्चितताको अवस्थालाई निरन्तर कायम राखिने छ । भौतिक संरचना निर्माण गर्दा बालमैत्री र अपांगमैत्री पक्षलाई विशेष ख्याल गरिने छ ।

## युवा तथा खेलकुद विकास

गाउँपालिका स्तरीय खेलकुदका क्रियाकलापहरुलाई प्रोत्साहन गरिने छ । मुड्केचुला गाउँपालिकाको वडा नं ७ सर्मीमा रहेको श्री अन्नपूर्ण माबिमा र होर्तमा खेल मैदान निर्माण भै सकेका छन भने वडा नं ८ बक्टमा रहेको लामाचौरमा बहुउद्देसीय रंगशाला निर्माण भैसकेको छ । खेलकुद प्रति आम नागरिकको चासो बढाउने उद्देश्यले यस आ ब मा प्रथम अध्यक्ष कप खेलकुद संचालनका लागि रु १० लाख रुपैया बजेट बिनियोजन गरेको छु ।

**सहकारी**

समाजवादको आधार- सहकारीको विस्तार भन्ने मुल अभिप्रायका साथ मुड्केचुलाको गरिवी,बेरोजगारीको न्युनिकरण गर्ने मुल साधनको रुपमा सहकारी विकास र विस्तारलाई आवश्यक निति,नियम र कानुन मार्फत अगाडी बढाईने छ।

मुड्केचुलाको कृषि क्षेत्रको बृहतर विकासका लागि कृषि व्यवसायिकरण गर्न र उत्पादित कृषि उपजको खरिद विक्रिको ग्यारेन्टी गर्न आवश्यक व्यवस्था गरिनेछ ।यस मुड्केचुलामा रहेका सहकारीहरुको क्षमता वृद्धिमा जोड दिईने छ।

सहकारी मार्फत कृषकहरुलाई कृषि तालिम,उन्नत जातका पशुपंक्षी,विउविजन,बोटविरुवा वितरण गरी उनीहरुको कृषि व्यवासायीकतालाई प्रवद्धन गरिने छ। साथै सरकारी मार्फत आयात र निर्यातको व्यवस्था मिलाई निर्यातमुखि मुड्केचुला अर्थतन्त्र निर्माण गर्ने लक्ष राखिने छ।

सहकारीलाई आर्थिक विकासको निम्ति स्थानीय श्रम, सीप र स्रोत परिचालन गराउने माध्यमको रुपमा प्रयोग गरिनेछ ।सहकारीको संख्यात्मक भन्दा गुणात्मक विकासमा जोड दिईनेछ ।कृषि सहकारीलाई उत्पादन, प्रशोधन र बजारिकरण गर्नलाई प्रोत्साहित गरिने छ। सहकारीलाई विपन्न, महिला तथा तल्लो तहका जनताको जीवनस्तर उकास्न सामूहिक प्रयास गर्ने माध्यम बनाइनेछ। परम्परागत घरेलु र लघु उद्यमहरूको विकासगर्न सहकारीलाई प्रयोग गरिनेछ।जनसाधारणलाई उद्यमशीलता तर्फ ध्यानाकर्षण गराउने माध्यमको रुपमा सहकारीहरूलाई वडा वडामा बिस्तार गरिनेछ।

**सामाजिक सुरक्षाको प्रत्याभुती**

यस मुड्केचुला गाउँपालिकाका आम नागरिकहरुलाई सामाजिक न्यायको हिसाबले सुरक्षा प्रदान गर्न नेपाल सरकारले ब्यबस्था गरेको प्रहरी चौकीबाट प्रदान गरिने सेवा प्रबाहलाई अझ बढी स्वच्छ पारदर्शि ढंबाट सेवा प्रबाह गर्न बिषेश कार्यक्रम लागु गरिनेछ भने यस गाउँपालिका भित्र रहेका प्रहरी चौकी कालिका, प्रहरी चौकी ईल, प्रहरी चौकी सर्मी र अस्थाई प्रहरी चौकी नर्कुको ब्यबस्थापन गर्न यस आ ब मा रु ५ लाख रुपैया बजेट विनियोन गरेको छु। अर्को तर्फ गाउँ प्रहरी कार्य बिधि पारित गरि जनतालाई अझ बढी सुरक्षा दिने ध्येले एक जना हवल्दारको कमान्डमा रहने गरि दुई जना जवानहरुको ब्यबस्थापन गर्न रु १० लाख रुपैया बजेट बिनियोन गरेको छु।

**रोजगारी श्रृजना तथा सिपमुलक तालिम**

१. यस मुड्केचुलाका बेरोजगार ब्यक्तीहरुलाई संघिय सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत यस आ ब मा कम्तीमा १०० जना बेरोजगार ब्यक्तीहरुलाई रोजगारीको अवसर श्रृजना गरिनेछ भने कर्णाली प्रदेश सरकार मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत १०० जना बेरोजगार ब्यक्तीहरुलाई रोजगारीको अवसर प्ारदान गरिनेछ।
२. गरिबी निवारणका लागि लघु उधम बिकास मेडपा कार्यक्रम मार्फत यस गाउँपालिकाका कम्तीमा पनि ८० जना गरिब तथा जेहेन्दार ब्यक्तीहरुलाई बिभिन्न किसिमको सिपमुलक तालिम प्रदान गरि उनीहरुको आत्म निर्भर तर्फ उन्मुख गरिनेछ।

३. संघिय लोकतान्त्रिक गणतन्त्र स्थापन गर्ने दृढ ईच्छा शक्तीका साथ लागि परि १० बर्षे शसस्त्र द्वन्दकालमा यस गाउँपालिकाका शहिद घाईते तथा अपाङग परिवारहरुलाई रोजगारी श्रृजना गर्न यस आ.ब. मा अध्यक्ष रोजगारी कार्क्रम लागु गरिएको छ। जसको लागि रु १२ लाख ५० हजार रुपैया बजेट बिनियोन गरेको छु।

**बन तथा वातावरण**

मुड्केचुला गाउँपालिकालाई हरियालीतथा स्वच्छ गाउँ बनाउन नाङगा डाँडाँ पाखामा वृक्षारोपण गरिने छ। मुड्केचुलाका सम्पूर्ण वडाहरुको फोहोर व्यवस्थापन गर्नकोलागि उपयुक्त स्थानमा डम्पिङ साइटको खोजी गरी आगामि आर्थिक वर्षमै डम्पिङ साइट निर्माणको काम अगाडि बढाउन पहल गरिने छ। मुड्केचुलालाई सफा र सन्च्छ गाउँ बनाउने कार्यलाई उच्च प्राथमिकता दिईने छ भने बिश्व मै दुर्लभ मानिएको रेड पाण्डा हाब्रेको र यसको बास स्थानको उचित संरक्षण गरि अझ बढी हाब्रे उत्पादनमा सहयोगि भुमिका खेल्न बिगत ३ बर्ष देखि यस गाउँपालिकामा संचालित पश्चिम नेपालमा समुदायमा आधारित रेड पाण्डा हाब्रे संरक्षण कार्यक्रमलाई प्रोत्साहित गरि प्रभाबकारी ढंगबाट कार्यक्रम संचालन गर्न महिला तथा दिःत जाती उत्थान मञचसँगको साझेदारीमा हाब्रे संरक्षण सम्बन्धि गाउँपालिका स्तरिय कार्यक्रम संचालन गर्न रु २ लाख रुपैया बजेट बिनियोजन गरिएको छ।

**पूर्वाधार विकास**

पुर्वाधार विकासको हकमा हामीले जनताको मुहारमा खुशी देख्न नसकिने कुरा महसुस गरि सकेका छौं। परम्परागत जीवनशैलीलाई परिवर्तन गरि समय सापेक्ष जिवन यापन गर्न पूर्वाधारको महत्वपुर्ण भुमिका हुने हुदाँ हामीले पूर्वाधार विकासलाई विकासको मेरुदण्डको रुपमा लिएका छौं। यस गाउँपालिकाको सडक सुबिधा भएका बस्तीहरुमा सामान सस्तो दररेटमा ढुवानीगरि जनताहरुलाई सेवा पुर्याउने उद्देश्यले गाउँपालिकाको तर्फबाट ट्याक्टर खरिद गरि सबैसुलभ ढुवानी सेवा उपलब्ध गराईने छ।

**सडक तथा यातायात व्यवस्था**

**फराकिलो सडक भएको भविष्यको मुड्केचुला सहर**
**आधुनिक मापदण्डका सडक बनाउने हाम्रो रहर**

रुकुमको त्रिवेणी देखि मुड्केचुला गाउँपालिकाको भालुलेख सम्म निर्माणाधिन सडक निर्माण कार्यलाई समय मै सम्पन्न गर्न सम्बन्धित निकायमा तत्काल पहलकदमी चालिनेछ भने उक्त सडक खण्डको बिच भागमा पर्ने कडा चट्टानलाई ब्लास्टिङ गरि सडक निर्माण कार्य अगाडि बढाउनका लागि भौतिक पूर्बाधार बिकास कार्यालय दुनै डोल्पा लगाएत अन्य सरोकारवाला निकायमा उचित पहलकदमी गरि एक बर्ष भित्र रुकुमको त्रिवेणी देखि मुड्केचुला गाउँपालिकाको भालु सडक बाटो निर्माणमा उच्च प्राथामिकता दिईनेछ। मुड्केचुला गाउँपालिकाको केन्द्रबाट सडक सबै वडाहरुमा जोड्ने कार्यालई उच्च प्राथिकता दिईनेछ।

**संस्थागत पूर्वाधार**

समृद्ध मुड्केचुलाको समग्र विकासका लागि समाजिक, आर्थिक, भौतिक र सांस्कृतिक पूर्वाधारलाई समेटि बिकास गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ। समग्र मुड्केचुलाको बिकासका निम्ति बिभिन्न किसिमका गैर सरकारी संघ संस्थाहरुसँग समन्वय सहकार्य गरि लगानी भित्राईनेछ। मुड्केचुला गाउँपालिकाको मानव विकास सूचकांकमा सुधार ल्याउनको लागि क्षेत्रगत रुपमा शीर्षक छुट्याई लगानी प्रस्ताव गरिने छ।

**खानेपानी र सिंचाई**

सम्पूर्ण मुड्केचुलावासीका घरमा शुद्धखानेपानी पुर्याउने गरी एक घर एक धारा कार्यक्रम तर्जुमा गर्न बिभिन्न दातृ निकायहरुसंग आवश्यक पहल गरिनेछ। यस गाउँ गाउँपालिकाको वडा नं १ देखि ३ सम्म एक घर एक धाराको काम निर्माणधिन अबस्थामा छ भने वडा नं ८ र ९ मा एक एक धाराको काम सम्पन्न भै सहजरुपमा जनताहरुले शुद्द खानेपानी उपभोग गरिरहेका छन। यस आ ब मा सुस्वा (SUSWA) कार्यक्रम यस गाउँपालिकाको संयुक्त साझेदारीमा ईल सुर बाईगाउँ औल नर्कु सर्मी होर्त गाउँको चन्दननाथ आबिमा एक घर एक धाराको निर्माण कार्य सम्पन्न गरि जनतालाई शुद्द खानेपानीको सहज पहुच पुर्याईनेछ। जलस्रोतलाई बहुउद्धेश्यीय प्रयोजनको रुपमा उपयोग गर्दै सिचाई सुबिधाको उपलब्धता र बिस्तार, बाढी नियन्त्रण गर्न आवश्यक कदम चालिनेछ।ठुला सिचाई आयोजना सञचालन गर्न प्रदेश सरकार र संघिय सरकारसँग समन्वय तथा सहकार्य गरिनेछ। साना सिचाई योजनाहरु उपभोक्ता समितिको संलग्नतामा र जनसहभागितामा निर्माण गर्न लगाई समुदाय स्वयमको अपनत्व बृद्धि गर्दै सिचाई हुने क्षेत्र विस्तार गरी कृषि उत्पादन बृद्धि गरिनेछ।

**सरसफाई,फोहोर मैला तथा बजार ब्यवस्थापन:**

हरेक टोलबाट फोहर संकलन गर्नुपर्ने घरहरूको लगत लिई सोही अनुरुप फोहोर व्यवस्थापन गरिनेछ। गाउँपालिकाको उपयुक्त स्थानमा डम्पिङ्ग साईटको निर्माण गर्न सम्भाव्यता अध्ययन गरिने छ।

गाउँपालिका क्षेत्र भित्र प्लाष्टिक झोलाको प्रयोगलाई न्यूनिकरण गरी वैकल्पिक झोलाको उत्पादन तथा प्रयोगलाई प्रोत्साहित गरिने छ।

**सार्वजनिक सेवा प्रवाहर सुशासनतर्फ**

गाउँपालिका अन्तर्गतका ९ वटै वडा कार्यालयहरूबाट छिटो, छरितो, चुस्त, दुरुस्त र प्रभावकारी रुपमा सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ। एकीकृत सेवा केन्द्रको रुपमाआधारभूत सेवाहरूजस्तैः कृषि तथा पशु सेवाका कार्यालयहरू, बैक तथा वित्तीय संस्था, स्वास्थ्य चौकी स्थापना गरी सोही ठाउँबाट सेवा उपलब्ध हुने व्यवस्था मिलाईएको छ। स्थानीय सेवाप्रवाहको गुणस्तर र सुशासनमा उच्च जोड दिदै वित्तीय अनुशासन तथा परियोजना अनुशासनमा रहेर वडा तहदेखि नै हरेक काम कारवाही अगाडि बढाइनेछ। स्थानीय सरकारबाट प्रदान गरिने सेवालाई जनउत्तरदायी बनाउन गाउँपालिका अन्तर्गतका कार्यालय, विषयगत शाखाहरूर प्रत्येक वडा कार्यालयहरूमा पारदर्शी कार्यप्रणाली, नागरिक सहायता कक्ष, नागरिक वडापत्र, अनुगमन संयन्त्र, गुनासो पेटिकाको व्यवस्था गरिने छ।

गाउँपालिकाको वेवसाईट तथा सामाजिक संजालमार्फत कार्यालयका सबै गतिविधिहरूलाई अद्यावधिक गरी सार्वजनिक गर्नेकार्यलाई थप प्रभावकारी बनाईने छ ।करले होइन रहरले सेवा गरौ’भन्ने भावनाको विकास गर्न र सेवाग्राहीलाई सेवा प्राप्तिमा सहजताको अनुभूति गराउन मुस्कानसहितको नागरिक सेवा प्रदान गरी गाउँपालिका प्रति सकारात्मक मनोविज्ञानको विकास गराइने छ। सेवाग्राहीको काममा बाधा पर्ने गरि आफ्नो कार्यकक्ष नछोड्नेर अत्यन्त जरुरी परेमा वैकल्पिक व्यवस्था गरेर मात्र कर्मचारीलेकार्यालय छोड्ने व्यवस्था गरिनेछ। गाउँपालिकाबाट सम्पादन गरिएका हरेक क्रियाकलपाहरुको चौमासिकरुपमा आम सरोकारवालाहरुको उपस्थितिमा सार्बजनिक सुनुवाई गर्ने र उक्त कार्य स्थानिय पत्रपत्रिका, रेडियो, मुड्केचुला एफएम र गाउँपालिकाको वेबसाईडमा समेत राख्ने ब्यबस्था अबिलम्ब गरिनेछ।

गाउँपालिकाको प्रशासनलाई स्वच्छ, सक्षम, निस्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउन आवश्यक रणनीतिहरूको अवलम्बन गरिनेछ। गाउँपालिकाका पदाधिकारी र कर्मचारीको लागि आचार संहिता तयार गरी लागू गरिनेछ । कर्मचारीहरूको कार्यसम्पादनको आधारमा पुरस्कारर दण्डको व्यवस्था गरिनेछ। जनप्रतिनिधि एव कर्मचारीहरूको पेशागत क्षमता र दक्षता वढाउनको लागि क्षमता अभिवृद्धिका कार्यक्रमहरू संचालन गरिनेछ।

गाउँपालिकाको व्यक्तिगत घटना र स्थानीय तथ्याङ्क सम्बन्धी कानून, नीति, मापदण्ड, योजना तर्जुमा गरी कार्यान्वयन र नियमन गरिनेछ। संघीय कानून र मापदण्ड बमोजिम गाउँपालिकामा व्यक्तिगत घटना (जन्म, मृत्यु, विबाह, बसाइ सराइ र सम्बन्ध विच्छेद) दर्तालाई व्यवस्थापन सूचना प्रणालीमा आवद्ध गरी डिजिटल व्यक्तिगत घटना दर्ताको अभिलेख व्यवस्थापन गरिनेछ।

**विपद व्यवस्थापन**

गाउँपालिका क्षेत्र भित्रका जलाधार संरक्षण,जैविक विविधता संरक्षण, वृक्षारोपण, रैथाने जीवजन्तु,रैथाने खाद्यन्न बाली र वनस्पतिको संरक्षणका लागि आवश्यक कार्यक्रम तयार गरी कार्यान्वयन गरिनेछ ।कृषि, बन र वातावरण वीचको अन्तरसम्बन्धलाई जनस्तरमा लैजान सचेतनाका कार्यक्रमहरू सञ्चालन गरिनेछन। वन संरक्षण तथा वनको दीगो व्यवस्थापन र उपयोग गरी वनजन्य उद्योगको प्रवर्धन गर्ने, जडिवुटी खेतीको विस्तार गर्ने, तथा भू–संरक्षण र जलाधार व्यवस्थापन गरिनेछ। गाउँपालिका प्रमुखको अध्यक्षतामा सरोकारवाला सवैको योगदान रहने गरी ‘‘गाउँपालिका प्रमुख विपद ब्यबस्थापन कोष’’स्थापना गरिनेछ र संचालनका लागि कार्यविधि निर्माण गरिनेछ।

**न्याय कानून तथा मानव अधिकार प्रवद्र्धन तथा मेलमिलाप**

कसैप्रति पनि कुनै पूर्वाग्रह नराखी मानवीय मूल्य, मर्यादा र गरिमाको सम्मान गर्दै अरूको व्यक्तित्व र अस्तित्वको सदैव कदर गरिनेछ। आफ्नो अधिकार क्षेत्र भित्रका विवाद व्यवस्थापन गर्ने कार्यको सुरुवात गरिनेछ। गाउँपालिकाको न्यायिक समिति मार्फत विवादहरूको व्यवस्थापन र मेलमिलाप सम्बन्धी कार्यहरू सञ्चालन गरी स्थानीय न्याय प्रणालीलाई प्रभावकारी बनाईने छ। छिटो, छरितो र सुलभ न्याय प्रणालीको विकास गर्दै असहायलाई निःशुल्क न्याय प्रदान गर्न व्यवस्था मिलाईनेछ। न्यायिक समितिलाई थप व्यवस्थित गर्न यस आ ब मा रु ६ लाख रुपैया बजेट बिनियोजन गरेको छु।

**योजना, अनुगमन तथा मूल्यांकन**

योजना निर्माणको चरणदेखि स्रोत परिचालन, कार्यान्वयन र अनुगमन सम्म स्थानीय जनसमुदायको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।

स्थानीय तहबाट सञ्चालन हुने आयोजनाहरूको छनौट गर्दा क्रमागत आयोजनाहरू सम्पन्न गर्ने गरी र नयाँ आयोजनाको हकमा विस्तृत डिजाइन र लागत अनुमान तयार भइसकेकोलाई बजेट व्यवस्था गर्न उच्च प्राथमिकता दिइनेछ। चालु वर्षको बजेट कार्यान्वयन सिघ्ररुपमा अघि बढाइनेछ र महत्वपूर्ण आयोजनाहरूको कार्यान्वयनलाई तीब्रता दिइनेछ। वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रकृयाको अवलम्बन गरिनेछ।जवाफदेहीपूर्ण योजना तर्जुमा गरी स्थानीय तहमा सञ्चालित योजना र कार्यक्रमको सार्वजनिक सुनुवाइ गरिनेछ।

अन्तिममा यस गाउँपालिकामा आ ब २०७९।८० मा संघिय सरकार प्रदेश सरकारको बित्तिय समानीकरण अनुदान संघिय तथा प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान र आन्तरिक आय गरि कुल बजेट जम्मा रु ३६ करोड १४ लाख ८९ हजार ३१८ रुपैया रहको छ।

अन्त्यमा गाउँपालिकाले लिएको नीति कार्यान्वयन गर्न सहयोग गर्नुहुने राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, राजनितिकदल, पत्रकार, नागरिक समाज, आम जनसमुदाय सम्पूर्णमा हार्दि धन्यवाद ज्ञापन गर्दछु।

**धन्यवाद**

**बाग बहादुर बुढा**
**१ नं वडाध्यक्ष**
**मुड्केचुला गाउँपालिका, डोल्पा।**

# मुड्केचुला गाउँपालिकाको आर्थिक ऐन

मुड्केचुला गाउँपालिका अर्थ सम्बन्धी प्रस्तावकलाई कार्यान्वयन गर्न बनेको विधेयक प्रस्तावना मुड्केचुला गाउपालिकाको आर्थिक बर्ष २०७८/७९ को अर्थ सम्बन्धी प्रस्तावकलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने ,छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वान्छनीय भएकोले नेपालको संविधान धारा २२८ को उपधारा (२) बमोजिम मुड्केचुला गाउसभाले ऐन बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः(१) यो ऐनको नाम "आर्थिक ऐन ,२०७९" रहेको छ ।

(२)यो ऐन २०७८ सालको साउन १ गतेबाट मुड्केचुला गाउपालिका क्षेत्रमा लागु भएको छ।

२.**सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसुचि (१) बमोजिम एकिकृत सम्पति कर/घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ ।

३. **भुमि कर** : गाउँपालिका क्षेत्रभित्र अनसचि (२) बमोजिम भुमि कर लगाइने र असुल उपर गरिनेछ ।

४. **घर बहाल कर** : गाउँपालिका क्षेत्रभित्र कनै व्यक्ति वा संस्थाले भवन घर पसल ग्यारेज गोदाम टहरा छप्पर जग्गा वा पोखरी परै आशिंक तवले दिएकोमा अनसचि (३) बमोजिम घरजग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

५.**व्यवसाय कर** : गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुजिगत लगानी र आर्थिक कारोवारको आधारमा अनसचि (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६.**जडिबुटी,कवाडी र जन्यजन्तु कर** : गाउँपालिका क्षेत्रभित्र कनै व्यक्ति वा संस्थाल उन ,खोटो ,बनकस ,कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकको मृत वा मारिएका जीवजन्तुको हाड,सिङ्ग,प्वाख ,छाला जस्ता वस्तुको कारोवार गरेवापत अनसचि (५) बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

७.**सवारी साधन कर** : गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनसचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

८.**विज्ञापन कर** : गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनसचि (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

९.**मनोरञ्जन कर** : गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन मा अनसचि (८) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ र लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्क** : गाउँपालिका क्षेत्रभित्र आफुले निमार्ण,रेखदेख वा संचालन गरेका अनसचि ( ९) मा उल्लेख भए अनुसार हाटबजार वा पसलमा सोही अनुसुचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क कर लगाइने र असुल उपर गरिनेछ र लगाइने र असुल उपर गरिनेछ।

११.**पाकिङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पाकिङ सुविधा उपलव्ध गराए वापत अनसचि ( १०) बमोजिम पाकिङ शुल्क कर लगाइने र असुल उपर गरिनेछ र लगाइने र असुल उपर गरिनेछ ।

